# भाग ५

## नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

## सूचना

नेपाल सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको चार किल्लाभित्रको क्षेत्रलाई लुम्बिनी संरक्षित स्मारक क्षेत्र घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

पूर्वः लुम्बिनी गुरु योजनाको पूर्व तर्फको चार नम्बर प्रवेशद्वारबाट पाँच नम्बर प्रवेशद्वार हुँदै दक्षिण-पूर्व कुनास्थित सिद्धार्थ होटल चोकसम्म ।

पश्चिमः लुम्बिनी गुरु योजनाको पश्चिमतर्फ शान्तिदीपबाट सिधा पश्चिमतर्फको बाहिरी चक्रपथसँगको मिलनबिन्दु देखि पश्चिम-दक्षिण कुनास्थित पडरिया चोकसम्म ।

उत्तरः लुम्बिनी गुरु योजनाको पूर्वतर्फको बाहिरी चक्रपथबाट गुरु योजना क्षेत्रमा प्रवेश गर्ने चार नम्बर प्रवेशद्वारदेखि सिधा शान्तिदीप हुँदै पश्चिमतर्फको बाहिरी चक्रपथसम्म ।

दक्षिणः लुम्बिनी गुरु योजनाको दक्षिणतर्फ सिद्धार्थ होटल चोकदेखि पडरिया चोकसम्म ।

**आज्ञाले,**

**बिनोद प्रकाश सिंह**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।